रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

०७५-६९१०२५
०७५-६९२३४३
V9F8+RM

च.न.

प.स.२०७९/८०

# कवाडी संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७९/०६/२३)

यस रैनादेवी छहरा गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न प्रकृतिका कवाडीजन्य पदार्थ जस्तै खाली सिसा, प्लाष्टिक, कागज, गत्ता, खाली पेक, खाली बोरा, फलाम आदि संकलन तथा निकासी बन्दोबस्त गर्ने प्रयोजनका लागि तपसिलको शर्तबमोजिम ईच्छुक व्यवसायी, फर्म वा व्यक्तिहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

1. ईच्छुक व्यवसायी, फर्म वा व्यक्तिले यो सूचना प्रकाशन गरिएको मितिले १५ औ दिनको कार्यालय समय भित्र तोकिएको राजस्व तिरी दरभाउपत्र फाराम लिन सकिनेछ।
2. दरभाउ पत्र फाराम खरिद गर्दा फर्म वा कम्पनीको हकमा इजाजत पत्र, करचुक्ता प्रमाणपत्र, भ्याट/स्थायी लेखा दर्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि, स्थायी लेखा दर्ता प्रमाणपत्रको प्रतिलिपि आवश्यक पर्नेछ।
3. खरिद गरिएको दरभाउपत्र फाराममा कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधि मार्फत १६ औं दिनको १२:०० बजे सम्म सिलबन्दी गरी यस कार्यालयमा दर्ता गर्नुपर्नेछ।म्याद नाघेको वा रीत नपुऱ्याई पेश हुन आएको सिलबन्दी उपर कुनै कारवाही हुने छैन।निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोही दिनको भोलिपल्ट पेश गर्नु पर्नेछ। यसरी दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु सोहि दिनको दिउसो १:०० बजे खोलिनेछ।
4. सवैभन्दा उच्च कवोल गरिएको सिलबन्दी दरभाउपत्र स्वीकृत हुनेछ र सम्बन्धित व्यक्ति वा फर्मले स्वीकृत कवोल अंकको सम्पुर्ण रकम सम्झौता गर्दाको बखत भुक्तानी गर्नुपर्ने छ।
5. सिलबन्दी दरभाउपत्र उपर कुनै दुविधा उत्पन्न भएमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकासँग रहने छ।
6. कवाडि उठाउने क्षेत्र एवम् न्यूनतम रकम देहाय बमोजिम हुनेछ।

| क.सं. | कवाडी उठाउन पाउने क्षेत्र | न्युनतम रकम रु. (भ्याट बाहेक) | राजस्व रकम रु. |
|---|---|---|---|
| १. | रैनादेवी छहरा गाउँपालिका क्षेत्रभर | १,५०,०००/- | १०००/- |

०७९/०६/२३

प्रमुख प्रशासकीय अधिकृत